आज मिति २०७५ साल आश्विन महिनाको ५ गते शुक्रवारका दिन विहानको ठिक ११.०० वजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्ग ज्यू को अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

तपशिल :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , सदस्य (नगर कार्यपालिका )
श्री सबिता रसाईली , नगर उपप्रमुख ,सदस्य (नगर कार्यपालिका)
श्री रवि चन्द्र पौडेल, सदस्य (नगर कार्यपालिका)
श्री जगत बहादुर गुरुङ्ग ,सदस्य (नगर कार्यपालिका)
श्री राम कुमार श्रेष्ठ ,सदस्य (नगर कार्यपालिका)
श्री शिव कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)
श्री दिर्घ बहादुर थापा, सदस्य (नगर कार्यपालिका) / पदम प्रसाद शर्मा तिमिल्सिना (क्र.वा.)
श्री कृष्ण बहादुर पौडेल, सदस्य (नगर कार्यपालिका)
श्री राम बहादुर क्षेत्री थापा, सदस्य (नगर कार्यपालिका)
श्री कृष्ण प्रसाद रेग्मी, सदस्य (नगर कार्यपालिका)
श्री लोक नारायण श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)
श्री रामचन्द्र भण्डारी, सदस्य (नगर कार्यपालिका)
श्री दल बहादुर थापा, सदस्य (नगर कार्यपालिका)
श्री मनराज गुरुङ्ग, सदस्य (नगर कार्यपालिका)
श्री दानु अधिकारी सापकोटा, सदस्य (नगर कार्यपालिका)
श्री गिता महत, सदस्य (नगर कार्यपालिका)
श्री विष्णुमाया ढकाल लम्साल, सदस्य (नगर कार्यपालिका)
श्री रिता कुमारी भुजेल थापा, सदस्य (नगर कार्यपालिका)
श्री सानुमाया महंत, सदस्य (नगर कार्यपालिका)
श्री कुल बहादुर भुजेल, सदस्य (नगर कार्यपालिका)
श्री खिम बहादुर कुमाल, सदस्य (नगर कार्यपालिका)
श्री भरत लामगादे, सदस्य (नगर कार्यपालिका)
श्री मोहन प्रसाद मरासिनी ,प्र.प्र.अधिकृत एवम सचिव ( नगर कार्यपालिका )

अन्य उपस्थिति :
श्री हिमा पोखेल, प्रशासकीय अधिकृत, ( प्रमुख, सामान्य प्रशासन शाखा )

प्रमुख

Scanned by CamScanner

निर्णय नं. १ : शुक्लागण्डकी नगरपालिका क्षेत्रभित्र अव्यवस्थित रुपमा छाडा छोडिएका पशु चौपायहरु (गाई,गोरु ) को व्यवस्थापन गर्ने गौशाला संचालनको लागि श्री रुपान्तरण बहुउदेश्य उद्यम प्रा.लि शु.न.पा १० ले पेश गरेको प्रस्तावमा स्पष्ट कार्ययोजना समावेश नभएकोले ७ दिन भित्र पुन स्पष्ट कार्ययोजना सहितको प्रस्ताव पेश गर्न अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : विभिन्न संघ संस्था र विज्ञापन एजेन्सीहरुले शुभकामना र विज्ञापन बापत माग गरी निवेदन दिने गरेको हुनाले उपयुक्तता र औचित्य हेरी सहयोग गर्न आवश्यक देखिएमा नगर प्रमुख, वा नगर उप प्रमुखले, प्रमुख प्रशासकीय अधिकृत समेतले छलफल गरी बढीमा १५,०००।- सम्मको सहयोग रकम उपलब्ध गराउन अधिकार दिने निर्णय गरियो ।

निर्णय नं. ३ : नगरपालिका कार्यालय हाता भित्र विभिन्न समयमा विद्युत सर्ट भै आकस्मीक दुर्घटना हुने , मानविय एवम भौतिक संरचनामा क्षति पुग्न सक्ने कुरालाई मध्यनजर गर्दै अहिले भएको नाङ्गो तारलाई विस्थापित गरि कालो तार राख्न प्राविधिक ईष्टिमेट अनुसार विल भर्पाइका आधारमा रकम भुक्तानी दिने । साथै खैरेनीटार क्षेत्रमा रहेका १२ वटा सडक वत्ती पोलका कारण विद्युत विस्तार आयोजनामा अवरोध पुगेको भनी निवेदन आएकोले उक्त पोलहरु हटाउन रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४ : शु.न.पा १ स्थीत सरस्वती मा.वि र शु.न.पा ३ स्थीत शहिद कृष्ण मा.वि.मा विद्यार्थीको अनुपातमा विषय शिक्षक नभई पठनपाठनमा कठिनाई भैरहेको हुनाले शिक्षक राहत अनुदान स्वरुप रु ३/३ लाख विनियोजन गर्ने । साथै शुक्लागण्डकी नगरपालिका भित्र रहेका मा.वि विद्यालयहरुको हालको दरबन्दिको अवस्था बारेमा अध्ययन गरी ७ दिन भित्र शिक्षा समितिमा पेश गर्न शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५ : व्यक्ति तथा सार्वजनिक सस्थाको नाममा/स्वामित्वमा रहेको जग्गा जमिनबाट ढुङ्गा , गिटी, बालुवा तथा माटो लगाएतका प्राकृतिक स्रोतहरु उत्खनन् गरी विक्री गर्न अनुमति पाउँ भनी निवेदन आउने गरेको सन्दर्भमा त्यस्तो कार्यलाई नियमन गर्न देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) व्यक्ति तथा सार्वजनिक सस्थाको नाममा स्वामित्व रहेको जग्गा जमिनबाट ढुङ्गा, गिटी , बालुवा उत्खनन् तथा विक्रि गर्न अनिवार्य रुपमा प्रारम्भिक वातावरणीय परिक्षण गराउनु पर्ने ।

प्रमुख

Scanned by CamScanner

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

(ख) बुँदा "क" बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गराउन नगरपालिकाको विज्ञ व्यक्ति/संस्थाहरुको सूची (Roaster) तयार पारी राख्ने ।

(ग) व्यक्ति तथा सार्वजनिक सस्थाले आफै प्रारम्भिक वातावरणीय परीक्षण गराउन चाहेमा नगरपालिकाले अनुमति दिने ।

(घ) नगरपालिकाको रोष्टरमा रहेका विज्ञहरुबाट प्रारम्भिक वातावरणीय परिक्षण गराउन चाहेमा धरौटी रकम नगरपालिकामा दाखिला गरेपछि नगरपालिकाले विज्ञ टोली खटाउने ।

(ङ) प्रमुख प्रशासकिय अधिकृत , न.पा ईञ्जिनियर (डि.ई ) , जिल्ला प्रशासन कार्यालय , जिल्ला समन्वय समिति र जिल्ला वनको प्रतिनिधि सम्मिलित टोलीले प्रारम्भिक बातावरणीय परीक्षणको कार्यक्षेत्रगत शर्त स्वीकृत गर्नेछ । साथै सोही समितिको सिफारिसमा नगर कार्यपालिकाले आई.ई .ई प्रतिवेदन स्वीकृत गर्नेछ ।

(च) प्रारम्भिक वातावरणीय परीक्षण शुल्क प्रति घन मिटर देहाय बमोजिम निर्धारण गर्ने ।
१. २० हजार घन मिटर सम्म प्रति घनमिटर रु. ७/-
२. २० हजार भन्दा माथि ५० हजार सम्म प्रति घनमिटर रु. ५/-
३. ५० हजार भन्दा माथि जति सुकै भएपनि प्रति घनमिटर रु. ४/-

(छ) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको आधारमा घनमिटर कायम भएपछि नगरपालिकाले धरौटीबाट शुल्क कटाई बाँकी रकम फिर्ता गर्नेछ ।

(ज) बुदा (क) बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण गराउदा स्थानीय पत्रिकामा सार्वजनिक सुचना प्रकाशित गर्नुपर्ने । साथै सम्बन्धित वडाका जनप्रतिनिधीहरुको रोहवरमा चार किल्ला प्रमाणित एवम सधियारा सहितको सर्जमिन मुचुल्का गराउनुपर्ने ।

निर्णय नं. ६ : शुक्लागण्डकी नगरपालिकाको बस्तुगत यथार्थता झल्कने गरी नगरपालिकाको नगर प्रोफाईल तयार गर्न आवश्यक प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ७ : नगरपालिका कार्यालय हाताभित्र रहेका सुकेका ढलापढा रुख/दाउरा लिलाम विक्री गर्न आवश्यक प्रक्रिया अघि वढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रमुख

Scanned by CamScanner

निर्णय नं. ८ : ढोरबाराही मन्दिरको ठेक्का सम्बन्धि बोलपत्र सुचना अनुसार तेश्रो पटकको सुचना बमोजिम पर्न आएको बोलपत्र रकम रु. २०,०५५००।- को ठेक्का स्वीकृत गर्ने निर्णय गरियो । साथै स्वीकृत ठेक्का बमोजिम सम्झौता गरी कार्यादेश जारी गर्न नगरपालिका कार्यालयलाई निर्देशन दिने समेत निर्णय गरियो ।

निर्णय नं. ९ : शु.न.पा ६ स्थीत तिनखोले देवि मन्दिरमा यहि मिति २०७५ अशोज २४ गतेदेखि हुन गैरहेको महायज्ञलाई मध्यनजर गरी त्यँहासम्म पुग्ने मोटरमार्गको स्तरोन्नती गर्न रु ३ लाख रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०: शु.न.पा ३ वडा कार्यालय भवन निर्माण गर्ने स्थल (बगैचा देखि वडा कार्यालय निर्माण स्थल सम्म ) सम्म जाने बाटो मर्मतका लागि प्राविधिकबाट लागत अनुमान तयार गर्न लगाई लागत अनुमान अनुसारको काम गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ११ : "घ" वर्गको निर्माण व्यवसाय ईजाजत/नविकरण सम्बन्धि कार्यविधीमा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

तपशिल :

१. अनुसुची ५ को १ मा आर्थिक क्षमता अन्तर्गत प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा तिन लाख रुपैयाको चालु पूजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. दफा ३ उपदफा २ को १ मा " उपदफा १ बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजत पत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ , प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने गत आ.व को कर तिरी सकेको प्रमाण" भनि थप्ने ।

३. अनुसुची ५ मा उल्लेखित द्रष्टव्यको १ मा " उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्र अथवा ५ वर्ष सम्मको कुनै सामान भएको संस्था तथा व्यक्ति सग सम्झौता गरेको प्रमाण" भनि थप गर्ने ।

४. भाग ३ को २ को २ मा भएको प्रावधान बमोजिमको जाँचबुझ समिती गठन गर्न देहाय बमोजिम गर्ने :

तपशिल :

संयोजक : ई .तारापती भटराई

सदस्य : प्रमुख प्रशासकीय अधिकृतले तोक्ने : २ जना

प्रमुख

Scanned by CamScanner

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं. १२ : फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण कार्यको लागि ठेक्का सम्झौता रकम रु २३,८६,५२२.५२ भएको तर बजेट जम्मा रु २०,००,०००।- विनियोजन भएकोमा रु १२,०६९५८.८०।- रकम गत आ.व मा भुक्तानी भएकोले बाकी भुक्तानी दिनुपर्ने रु १०२४९७६.५८।- मध्ये अ.ल्या भएको रकम रु ७९३०४२।- मा नपुग रकम रु २३१९३४.५८।- गत आ.व को नगद अ.ल्या रकमबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं. १३ : शु.न.पा ६ स्थीत चैनपुर पहिरो व्यवस्थापन गर्न प्राविधिक ईष्टिमेट अनुसारको रकम मध्ये रु १ लाख रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४: शु.न.पा १ मा जिल्ला प्रशासन कार्यालयद्धारा आयोजित नागरिकता वितरण ,मतदाता नामावली संकलन तथा स्वास्थ्य शिविर लगाएतको टोलि संचालन तथा व्यवस्थापन गर्दा लागेको खर्च अनुसार पेश भएको विल भर्पाइ अनुसारको रकम रु ३४१३०।- भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १५ : शु.न.पा ५ मा "शुक्लागण्डकी लायन्स महोत्सव २०७५" हुन गैरहेकोले उक्त महोत्सवमा स्वास्थ्य शिविर संचालन अर्न्तगत औषधी खरिदको लागि रु ५००००।- रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १६ : शुक्लागण्डकी नगरपालिका वडा नं. ११ राईपुरमा अवस्थित फूलबारी सामुदायिक अस्पताल नेपाल सरकारको मिति २०७४।०६।२७ गतेको निर्णयानुसार सरकारीकरण भै शुक्लागण्डकी नगरपालिकालाई विधिवत रुपमा हस्तान्तरण भै सकेको र उक्त अस्पताललाई यस नगरपालिकाको नगर अस्पतालको रुपमा संचालन गर्न देहाय बमोजिमको दरबन्दि र संचालन अनुदान समेत आवश्यक भएकोले देहाय बमोजिम दरबन्दी स्वीकृत गर्नका नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल :

१। मेडिकल सुपरिटेन्डेन्ट (नवौ तह ) : १ जना (प्रमुख )
२। मेडिकल अफिसर (आठौ तह ) : २ जना
३। हेल्थ असिष्टेन्ट (पाचौ/छैटौ तह ) : ४ जना
४। स्टाफ नर्स (पाचौ /छैटौ तह ) : ५ जना
५। अ.न.मी (चौथो /पाचौ तह ) : २ जना
६। अ.हे.व (चौथौ /पाचौ तह ) : १ जना
७। ल्याब टेक्निसियन (पाचौ तह ) : १ जना
८। ल्याब असिष्टेन्ट (चौथो तह ) : १ जना

प्रमुख

Scanned by CamScanner

९। रेडियोलोजि (पाचौ तह ) : १ जना
१०। नायब सुब्बा (पाचौ तह ) : १ जना
११। सहायक लेखापाल (चौथो तह ) : १ जना
१२। ड्राइभर (एम्बुलेन्स भएमा ) : १ जना
१३। कार्यालय सहयोगी (श्रेणी विहीन ) : ३ जना

निर्णय नं. १७ : शुक्लागण्डकी नगरपालिका वडा नं. ११ राईपुरमा अवस्थित फूलबारी सामुदायिक अस्पताल नेपाल सरकारको मिति २०७४।०६।२७ गतेको निर्णयानुसार सरकारीकरण भै शुक्लागण्डकी नगरपालिकामा विधिवत रुपमा हस्तान्तरण भै सकेकोले संचालन तथा व्यवस्थापन गर्न प्रदेश सरकार सामाजिक विकाश मन्त्रालयसंग अनुदान माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १८ : शुक्लागण्डकी नगरपालिका वडा नं. ११ राईपुरमा अवस्थित फूलबारी सामुदायिक अस्पताल नेपाल सरकारको मिति २०७४।०६।२७ गतेको निर्णयानुसार सरकारीकरण भै शुक्लागण्डकी नगरपालिकामा विधिवत रुपमा हस्तान्तरण भै सकेकोले संचालन तथा व्यवस्थापन गर्न प्रदेश सरकार तथा संघीय सरकारबाट अनुदान र जनशक्ति उपलब्ध नभएसम्म नगरपालिकाको आन्तरिक श्रोतबाट सेवा सुविधा वेहोर्ने गरी एकजना मेडिकल डाक्टर, एक जना स्टाफ नर्स र एक जना ल्याव टेक्निसियन नियुक्ती गर्ने र ढोरफिर्दी स्वास्थ्य चौकिमा कार्यरत स्वास्थ्यकर्मी समेत परिचालन गरी अस्पतालको सेवालाई सुचारु गर्ने निर्णय गरियो ।

निर्णय नं. १९ : शुक्लागण्डकी नगरपालिका वडा नं. १ को वडागत शिर्षक अनुदानको मेलमिलाप प्रशिक्षण कार्यक्रमको रकम रु ६०,०००।- रकमान्तरका लागि वडा नं. १ बाट अनुरोध भै आएकाले वडाको माग बमोजिम दैवी प्रकोप राहत शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. २० : शुक्लागण्डकी नगरपालिकाका वडा भित्रका विभिन्न टोलबस्तीबाट खानेपानी योजनाको लागि रकम माग भै आएको सन्दर्भमा प्राविधिक पठाई लागत अनुमान तयार पार्न लगाउने र सोही लागत अनुमानको आधारमा आर्थिक सहयोग गर्ने निर्णय गरियो । साथै खानेपानी सम्बन्धी साना साना मागलाई सम्बोधन गर्न विभिन्न साइजका पाइप खरिद गर्न आवश्यक देखिएकोले स्पेशिफिकेशन र लागत अनुमान तयार गरी पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रमुख

निर्णय प्रमाणित गर्दछु।

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner